जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३१२ पृष्ठः ४ | २०८२ चैत्र २५ बुधबार (Wednesday 08 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## कार्यालय सहयोगी कुट्ने सिरहाका मेयरलाई कारबाही गर्नुपर्ने मागसहित धर्नामा कर्मचारी

**सिरहाका मेयर नवीनकुमार यादवले सोमबार बिहान ९ बजे हाजिरी गरिरहेको अवस्थामा कार्यालय सहयोगी ५० वर्षीय रामशरण यादवलाई गालीगलौज गर्दै लात्ती र मुक्का हानेका थिए।**



**विनय आजाद**

सिरहा, २४ चैत्र। सिरहा नगरपालिकाका नगर प्रमुख नवीनकुमार यादवलाई कार्यालय सहयोगी कुटपिट गरेको घटनामा कारबाहीको माग गर्दै कर्मचारीहरू आन्दोलनमा उत्रिएका छन्। नगरपालिकामा कार्यरत कर्मचारीहरू कार्यालयमै धर्ना दिएर प्रदर्शन गरिरहेका हुन्। कर्मचारीहरू आन्दोलनमा उत्रिँदा नगरपालिकाको कामकाज ठप्प बनेको छ। नगर प्रमुख यादवले सोमबार बिहान ९ बजे हाजिरी गरिरहेको अवस्थामा कार्यालय सहयोगी ५० वर्षीय रामशरण यादवलाई गालीगलौज गर्दै लात्ती र मुक्का हानेका थिए।

अहिले उपचार गराइरहेका पीडित कर्मचारीको निःशुल्क उपचार हुनुपर्ने, उचित क्षतिपूर्ति दिनुपर्ने, नगर प्रमुखमाथि प्रचलित कानूनी बमोजिम कडा कारबाही हुनुपर्ने तथा कर्मचारीले आत्मसम्मानपूर्वक काम गर्न पाउने वातावरण निर्माण गरिनुपर्ने कर्मचारीहरूको माग छ। आफूहरूको मागलाई गम्भीरतापूर्वक नलिई सम्बोधन नगरिए आन्दोलन निरन्तर रहने सिरहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विनयकुमार सोनुले बताए।

## वृहत्त स्वास्थ्य शिविरबाट विपन्न समुदाय लाभान्वित



**जीवछ यादव**

लहान, २४ चैत्र। लहान नगरपालिका वडा नम्बर १० का दलित विपन्न वस्तीमा सञ्चालन गरिएको दुई दिने वृहत्त स्वास्थ्य शिविरबाट स्थानीय दलित समुदाय लाभान्वित भएका छन्। चैत २२ र २३ गते सम्पन्न स्वास्थ्य शिविरमा ३२५ जना विपन्न दलित समुदायले स्वास्थ्य सेवा लिएका छन् भन्दै इम्व्रास नेपाल फाउन्डेशनका चिकित्सक अमर राउतले जानकारी दिनुभयो। उहाँका अनुसार, अमेरिकामा कार्यरत राउत र अमेरिकी वरिष्ठ नर्स शिरी जिरेनको सहकार्यमा तीन वर्ष अघि फाउन्डेशन गठन गरिएको हो। यस फाउन्डेशनले नेपालका विभिन्न दुर्गम वस्तीमा प्रत्येक वर्ष स्वास्थ्य शिविर आयोजना गर्दै उपचार र औषधी वितरण गर्दै आएको छ।

यस वर्ष सिरहा, लहान, सिन्धुली, नुवाकोट लगायत सात स्थानमा यस्ता शिविर सञ्चालन हुने योजना रहेको छ एउटा शिविरमा औषधी र अन्य व्यवस्थापनमा करिब सात लाख रुपियाँ खर्च भइरहेको छ। लहान नगरपालिका वडा नम्बर १०, श्री जनता माध्यमिक विद्यालय, बैरिया गुदीगाउँमा आयोजित शिविरमा मधुमेह, रक्तचाप, कान र दाँतका रोग भएका महिला, पुरुष र बालबालिकाको उपचार गरिएको थियो। जाँचका क्रममा अधिकांश विरामी मधुमेह, रक्तचाप र दाँतका समस्याबाट प्रभावित रहेको चिकित्सक सुनिल सिंहले बताउनुभयो।

विपन्न सुकुम्वासी दलित समुदायको स्वास्थ्य सेवा प्रदान गर्ने

–बाँकी तीन पेजमा

## मधेशका विभिन्न सरकारी कार्यालयबाट ३३ जना बिचौलिया पक्राउ

**लक्ष्मी चौधरी**

जनकपुरधाम, २४ चैत्र। मधेश प्रदेशका विभिन्न सरकारी कार्यालयहरूमा सक्रिय ३३ जना बिचौलियालाई प्रहरीले नियन्त्रणमा लिएको छ। सेवाग्राहीलाई अनुचित प्रभावमा पार्दै आर्थिक शोषण गर्ने गुनासो बढेपछि मधेश प्रदेश प्रहरी कार्यालयले विशेष निगरानी गर्दै ति बिचौलियालाई नियन्त्रण लिई कारबाही अघि बढाएको हो।

मधेश प्रहरी कार्यालयद्वारा मंगलबार जारी विज्ञप्ति अनुसार पर्साको वीरगन्जस्थित यातायात व्यवस्था कार्यालयबाट चार जना, मालपोत कार्यालयबाट तीन जना, रौतहटको गौरस्थित मालपोत कार्यालयबाट पाँच जना, चन्द्रपुर मालपोत कार्यालयबाट दुई जना, सर्लाहीको मलंगवा ट्रायल सेन्टरबाट दुई जना, मलंगवा मालपोत कार्यालयबाट नौ जना, धनुषाका विभिन्न सरकारी कार्यालयबाट चार जना र सप्तरीका विभिन्न कार्यालयबाट चार जना गरी कुल ३३ जनालाई नियन्त्रणमा लिइएको हो।

पक्राउ पर्ने व्यक्तिहरूले सर्वसाधारणलाई छिटो सेवा दिलाइदिने बहानामा अतिरिक्त रकम असुल्ने, गलत सूचना दिने तथा सेवा प्रवाहमा अनियमितता ल्याउने कार्यमा संलग्न रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ। कार्यालयले सम्बन्धित निकायहरूसँग समन्वय गर्दै अन्य संलग्न व्यक्तिहरूको खोजी तथा नियन्त्रण प्रक्रिया जारी राखेको जनाएको छाआम

–बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं।**

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं।

**विविधतामा एकता, सद्भाव र सहिष्णुता।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## बढ्दो डिजिटल हिंसा नियन्त्रणलाई प्राथमिकता देऊ

केही सामाजिक सञ्जालमा सरकारले लगाएको प्रतिबन्धले भदौ २३ – २४ गते आन्दोलनको आगो नै बाल्यो। नेपालले पहिले कहिल्यै नभएको विध्वंससमेत सहनुपर्‍यो। त्यस अनुभवबाट पाठ सिकेर सरकारले पछिल्ला दिनहरूमा नेपाली समाजमा सामाजिक सञ्जालमार्फत तीव्र गतिमा फैलिएको साइबर बुलिङ र डिजिटल यौनहिंसाका घटनाबारे गम्भीर ध्यान दिनु आवश्यक छ। कदाचित् साइबर अत्याचार सहन नसकेरै पीडितहरूलाई सडकमा उत्रन बाध्य नहोऊन् !

अहिले सामाजिक सञ्जालमार्फत् विशेषगरी राजनीतिक उद्देश्यका घृणा अभियान तीव्र भएको देखिन्छ। त्यसमा पनि महिलाविरुद्ध साइबर बुलिङ र डिजिटल हिंसाका घटना उल्लेख्यरूपमा बढेका छन्। यही सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टी (एमाले)बाट निर्वाचित महिला सांसदहरू नेपाल प्रहरीको साइबर ब्युरोसम्म पुगेका हुनुपर्छ। एमाले समर्थक एक किशोरीविरुद्ध भएको डिजिटल यौनहिंसाको घटनामा हालै साइबर ब्युरोमा उजुरी परेको स्मरणीय छ।

अनुहार लुकाएर वा कहिलेकाहीँ देखाएर पनि आफूसँग असहमत व्यक्ति र विचारविरुद्ध साइबर बुलिङ गर्ने दुष्प्रवृत्ति बढ्दै आएको छ। कुनै बेला तत्कालीन प्रधानमन्त्रीले नै आफ्ना कार्यकर्तालाई विरोधीमाथि 'अरिङ्गाल' भएर जाइलाग्न निर्देशन दिएका थिए। तर साइबर बुलिङ र डिजिटल यौनहिंसाको अभिव्यक्ति यसअघि यति चर्को र दुष्टतापूर्ण देखिएको थिएन।

हिजोआज महिला, किशोरी, पत्रकार, सामाजिक कार्यकर्ता तथा सार्वजनिक जीवनमा सक्रिय व्यक्तिलक्षित चरित्रहत्या, धम्की, निजी सामग्रीको दुरुपयोग र घृणात्मक अभिव्यक्ति सामान्यजस्तै बन्न पुगेका छन्। नेपालमा डिजिटल पहुँच विस्तारसँगै साइबर अपराधको स्वरूप पनि जटिल बन्दै गएको छ। पहिले व्यक्तिगत स्तरमा सीमित रहने गालीगलौज अहिले संगठित ट्रोलिङ, लैङ्गिक अपमान, निजी तस्बिरको दुरुपयोग, चरित्रहत्या र प्रत्यक्ष हिंसाका धम्कीसम्म पुगेको छ। अझ चिन्ताजनक पक्ष के हो भने यस्ता आक्रमणहरू प्रायः महिलाप्रति लक्षित हुने गरेका छन्। राजनीतिक मतभेद, सामाजिक सक्रियता वा सार्वजनिक अभिव्यक्तिका कारण महिलामाथि गरिने डिजिटल हिंसा लोकतान्त्रिक समाजकै लागि चुनौती बन्दैगएको छ। यस्तो हिंसाको मानसिक सामना गर्न नसक्नेहरू घरभित्रै खुम्चिनुपर्ने वा चुप लाग्नुपर्ने अवस्था छ। राजनीतिक वा सामाजिक क्षेत्रमा सक्रिय महिलाका परिवारजनसमेत यस्तो हिंसाको चपेटामा परेका छन्। विडम्बना, यस्तो हिंसा नेपालको कानुनअनुसार दण्डनीय अपराध भए पनि सजाय भने बिरलै हुन्छ। हिंसाका घटनाको उजुरी गर्नै हिचकिचाउने र उजुरी परे पनि कारबाही कमजोर हुने प्रवृत्तिका कारण अपराधीहरू हौसिएका देखिन्छन्।

नेपालमा सामाजिक सञ्जालको प्रयोग प्रायः राजनीतिक ुवीकरणसँग जोडिएकाले पनि अपराधीहरू कारबाहीबाट उम्कने गरेका छन्। दलगत समर्थन वा विरोधका आधारमा व्यक्तिमाथि समन्वित रूपमा आक्रमण गर्ने प्रवृत्ति बढ्दो छ। यस्तो अवस्थामा साइबर बुलिङ नियन्त्रणका लागि राजनीतिक दलहरूले आफ्नै समर्थक समूहभित्र पनि आत्मअनुशासन कायम गर्न पहल गर्नुपर्छ। अन्यथा, साइबर हिंसाविरुद्धको आवाज चयनात्मक देखिने खतरा रहन्छ। यसैले यस्तो जटिल समस्याको समाधान पनि बहुआयामिक दृष्टिकोणबाट खोज्नुपर्छ। पहिलो, विद्यमान साइबर कानुनको पुनरावलोकन गरी डिजिटल यौनहिंसा, चरित्रहत्या र संगठित ट्रोलिङलाई स्पष्ट रूपमा दण्डनीय अपराधको परिभाषाभित्र ल्याउन आवश्यक छ। दोस्रो, साइबर ब्युरोको प्राविधिक क्षमता र जनशक्ति विस्तार गर्नुपर्छ। तेस्रो, विद्यालय तथा विश्वविद्यालय तहबाटै डिजिटल साक्षरता र जिम्मेवार सामाजिक सञ्जाल प्रयोगसम्बन्धी शिक्षा अनिवार्य बनाइनुपर्छ। चौथो, विशेषगरी सत्तारूढ दल र सरकारले आफ्ना समर्थकहरूलाई साइबर हिंसामा संलग्न हुन नदिने स्पष्ट राजनीतिक प्रतिबद्धता देखाउनुपर्छ। त्यसैगरी, पीडितलाई कानुनी तथा मनोसामाजिक सहयोग उपलब्ध गराउने संयन्त्र सुदृढ गर्न आवश्यक छ। उजुरी प्रक्रियालाई सरल, गोपनीय र पीडितमैत्री बनाउन सकिएमा धेरै घटनाहरू सतहमा आउनेछन्। सञ्चारमाध्यम र नागरिक समाजले पनि डिजिटल हिंसाविरुद्ध सामाजिक चेतना विस्तार गर्न सक्रिय भूमिका खेल्नुपर्छ।

डिजिटल युगमा अभिव्यक्ति स्वतन्त्रता सुरक्षित राख्दै साइबर हिंसालाई नियन्त्रण गर्नु राज्य, राजनीतिक दल, प्रविधि कम्पनी र समाज सबैको साझा जिम्मेवारी हो। अहिलेको चासोलाई स्थायी सुधारतर्फ रूपान्तरण गर्ने यही उपयुक्त समय हो। सरकारले झारा टार्ने होइन, नागरिकले सुरक्षित महसुस गर्नेगरी प्रभावकारी हस्तक्षेप गर्नु अब अपरिहार्य भएको छ। एमालेका महिला सांसदहरूले मात्र होइन, नागरिकको स्वतन्त्रता र अस्मितामा चासो राख्ने सबै पक्षले साइबर बुलिङ र डिजिटल हिंसाविरुद्ध निरन्तर आवाज उठाइरहनुपर्छ।

# जनतामा संशय पैदा हुने काम नहोस् !

**ओम आचार्य**

भाद्र २३ र २४ को जेन–जी आन्दोलनपछि प्रधानमन्त्रीमा नियुक्त सुशीला कार्कीले निर्धारित मितिमा 'निर्वाचन हुन्छ कि हुँदैन' भन्ने संशय चिरेर निर्वाचन सम्पन्न गराइन्। फागुन २१ मा सम्पन्न निर्वाचनमा झन्डै दुई तिहाइ स्थान (१८२) ल्याउने राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह प्रधानमन्त्रीमा नियुक्त भए।

**बालेनको काम गर्ने तौरतरिका**

उनले प्रधानमन्त्री भएपछि १०० बुँदे कार्यसूची ल्याउँदै 'टाइमलाइन सेवा' जारी गरे। यही क्रममा कार्की आयोगको प्रतिवेदन लागु गरिँदा तत्कालीन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखक पक्राउ पनि भए। यो कारबाही जति शीघ्रतापूर्वक भयो त्यति नै शीघ्र सडकमा विरोध पनि हुँदै छ। केही कानुनविद् र राजनीतिक दलहरूले यो शीघ्रतामा विधि र प्रक्रिया नपुगेको ठहर गरी विज्ञप्तिसमेत निकालेका छन्। काठमाडौँको मेयर छँदा 'वान म्यान डिसिजन' (एक्लो निर्णय) को अभ्यास गरेका प्रधानमन्त्री शाहले सरकार बन्नुभन्दा पूर्व आफ्नो पार्टी सभापतिलाई "तपाईँ पार्टी चलाउनुस्, म सरकार चलाउँछु" भन्नु यही कार्यशैलीको परिकल्पना हुन सक्छ। बालेनलाई केही गरेर देखाउने दृढ इच्छा देखिन्छ।

प्रतिपक्षको अत्यन्त कमजोर रहेको वर्तमान संसद्मा उनको त्यो दृढ इच्छा र उच्च मनोबलले उनलाई कतै अधिनायकवाद वा तानाशाह नबनाओस्। संसद्मा प्रतिपक्ष कमजोर भए पनि वा अन्य दलहरूको उपस्थिति न्यून रहे पनि लोकतन्त्रमा संसद्को गरिमा र महत्त्व जोगाउन प्रतिपक्ष र सरकार दुवैको उत्तिकै उत्तरदायित्व रहन्छ।

**प्रधानमन्त्री बालेनलाई काम गर्न कति सहज ?**

झन्डै दुई तिहाइको सरकारलाई काम गर्न अत्यन्त सहज र सुविधाजनक हुनुपर्छ। कतैबाट तत्कालका लागि विघ्नबाधा पर्ने देखिँदैन। अन्य राजनीतिक दलहरूसँग पनि सौहार्दपूर्ण र अनुकूल वातावरण बनाउन सक्नु भने उनको क्षमतामा निर्भर हुन्छ। अहिले नेकपा (एमाले)ले प्रतिशोधको राजनीति भयो भन्दै सडकमा नारा र जुलुससहित सरकारको विरोध गरिरहेको छ। भोलिका दिनमा अन्य दलहरू पनि क्रमशः सडकमा आउने वातावरण बन्न नदिनु उनको नेतृत्वको कौशलमा निर्भर गर्छ।

कदाचित् अहिले भइरहेको सडक आन्दोलनमा अन्य दलहरू पनि समाहित हुने वातावरण बन्यो भने सिंगो राष्ट्र र जनता नै प्रतिपक्षमा उभिन सक्छन्। त्यतिखेरको जनबल आकलन गर्दै सुझबुझका साथ अगाडि बढ्नु नै उचित हुनेछ। जनबल र जनआधार एउटै पार्टी वा एउटै सरकारसँग सधैँ स्थिर हुँदैन। विश्वको इतिहासले यही देखाएको छ। नेपालमा पनि यो परिवर्तनशील छ। त्यही परिवर्तनले अहिले जनबल र जनआधार प्राप्त गरेर रास्वपा अग्रणी हुँदै सरकार निर्माण गर्न पुगेको हो। जनआधार र जनबल कतिन्जेल रहन्छ भन्ने सरकारको काम गर्ने तौरतरिका, जनताका सरोकारका विषय र सरकारप्रतिको विश्वसनीयतामा भर पर्छ। यस विषयमा सरकार र दल दुवै उच्च सतर्क र चनाखो हुनु अनिवार्य देखिन्छ।

**प्रधानमन्त्री बालेनलाई आफ्नै दलसँग डर छ ?**

नेपालमा जति पनि दलहरूले आफ्नो नेतृत्वमा सरकार निर्माण गरे ती प्रायः आफ्नै दलभित्रको कलहका कारण भंग भएका छन्। अझ विगतमा त पार्टी सभापति नै प्रधानमन्त्री हुँदा पनि सरकार ढलेका उदाहरण छन्। पार्टीको आन्तरिक भागबन्डा र स्वार्थ बाझिँदा यस्ता दुर्घटना हुने गरेका छन्।

अहिले रास्वपामा पार्टी सभापति र प्रधानमन्त्री अलगअलग पात्र हुनु राम्रो अभ्यास हो। रास्वपा सभापति रवि लामिछाने पूर्व गृहमन्त्रीसमेत भइसकेका हुनाले उनलाई अहिलेका मन्त्रीहरूलाई भन्दा बढी अनुभव छ। प्रतिपक्षीहरूले सरकार विफल गराउन कुन हदसम्मको रणनीति अख्तियार गर्छन् भन्ने कुरा उनले राम्ररी बुझ्न सक्छन्। यस कुरामा रविले विचार पुर्‍याउनु जरुरी छ। अहिले रविमाथि अदालतमा मुद्दा विचाराधीन छन् जसका कारण उनको 'तेज' केही कम भएको हुन सक्छ। सायद यही कारणले बालेन सरकारलाई अहिले सहज भएको होला। तर जुन दिन उनले अदालतबाट 'क्लिन चिट' पाउँछन् त्यस दिनदेखि रविको महत्वाकाक्षा मध्याह्नको सूर्य झैँ भएर आउन सक्छ। त्यतिखेर बालेनको सरकार छायामा पर्ने अवस्था सिर्जना हुनसक्छ। सरकारको नेतृत्व लिएका प्रधानमन्त्री बालेनले भविष्य आकलन गरेरै पार्टी सभापतिलाई "तपाईँ पार्टी चलाउनुस्, म सरकार चलाउँछु" भनेका हुन् कि ? अन्त्यमा, जनताको अत्यधिक विश्वास र भरोसा रास्वपाभन्दा पनि बालेनप्रति देखिएको छ। उनीप्रति आस्था र निष्ठा बोकेका जनतालाई निराश नपारुन्। जनतामा उनीप्रति संशय पैदा हुने काम प्रधानमन्त्री बालेन्द्र शाहबाट नहोस् ! बाह्रखरीबाट

# नेपालको एकमात्र रेलवे सेवा बर्सेनि घाटामा

धनुषा, २४ चैत्र। नेपालको एकमात्र रेलवे सेवा आर्थिक नोक्सानी, व्यवस्थापकीय अव्यवस्था, जनशक्ति अभाव र प्रशासनिक ढिलासुस्तीका कारण गम्भीर संकटमा परेको छ। यात्रीका लागि सेवा सहज बन्दै गए पनि रेलवे कम्पनीको आर्थिक र संरचनात्मक अवस्था भने लगातार कमजोर हुँदै गएको देखिन्छ। भारतको जयनगरदेखि जनकपुर हुँदै महोत्तरीको बिजलपुरासम्म हाल रेल सेवा सञ्चालनमा छ। दैनिक तीन पटक चल्ने यो सेवा स्थानीयवासीका लागि आवतजावतको भरपर्दो माध्यम बनेको छ।

इनर्वाका ६५ वर्षीय रामसुरत मण्डल रेल सेवाले दैनिक जीवन सहज भएको बताउँछन्। घरको ताजा चामल तथा हरियो तरकारी लगायतका कोसेली परिवारका सदस्यहरूलाई पठाउन सहज भएको उनको भनाइ छ। उनका अनुसार इनर्वादेखि जनकपुरधामसम्म मोटरसाइकलमा करिब एक घण्टा समय लाग्छ भने रेलमार्फत १५ मिनेटमै पार गर्न सकिन्छ। वि.सं. १९९४ देखि सञ्चालनमा रहेको पुरानो न्यारो गेज रेल सेवा माघ २०७० मा ब्रोड गेज विस्तारका लागि बन्द गरिएको थियो। त्यसपछि जयनगरदेखि कुर्थासम्म ३८ किलोमिटर क्षेत्रमा ब्रोड गेज लाइन निर्माण सम्पन्न भई २०७८ चैत १९ देखि पुनः सेवा सञ्चालनमा आएको हो।

हाल यो सेवा विस्तार भई ५२ किलोमिटर क्षेत्रमा सञ्चालन भइरहेको छ। महोत्तरीको बिजलपुरा, सिँग्याही, लोहरपट्टी, खुट्टा पिपराढी तथा धनुषाका कुर्था, जनकपुरधाम, परवाहा, वैदेही, महिनाथपुर, इनर्वा हुँदै भारतको जयनगरसम्म विभिन्न स्टेसन छन्। यात्रीका दृष्टिले




रेल सेवा सञ्चालन प्रभावकारी देखिए पनि कम्पनी सुरुदेखि नै घाटामा सञ्चालन हुँदै आएको छ। नेपाल रेल्वे कम्पनी लिमिटेडको व्यावसायिक कार्ययोजना–२०८२ अनुसार आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मका पाँच वर्षमा कम्पनीले १९ करोड २१ लाख २० हजार रुपैयाँ आम्दानी गर्दा ६७ करोड ३७ लाख रुपैयाँ खर्च गरेको छ। यस अवधिमा कुल ४८ करोड १५ लाख ८० हजार रुपैयाँ घाटा व्यहोर्नुपरेको छ, जुन आम्दानीभन्दा झन्डै तेब्बर बढी हो।

आर्थिक वर्ष २०७६/०७७ मा ३९ लाख ७० हजार रुपैयाँ आम्दानी हुँदा १ करोड १३ लाख रुपैयाँ खर्च भएको थियो। २०७७/०७८ मा ४० लाख १० हजार आम्दानी हुँदा १ करोड ९८ लाख खर्च भयो। २०७८/०७९ मा २ करोड ५४ लाख आम्दानी हुँदा ११ करोड खर्च भयो। आर्थिक वर्ष २०७९/०८० मा ७ करोड ३८ लाख आम्दानी हुँदा २६ करोड ९९ लाख खर्च भएको थियो भने २०८०/०८१ मा ८ करोड ५० लाख आम्दानी हुँदा २६ करोड २७ लाख खर्च भएको तथ्यांक छ।

हाल कम्पनीको मासिक आम्दानी करिब ७५ लाख रुपैयाँ छ भने खर्च १ करोड २९ लाख रुपैयाँ पुग्ने गरेको छ। टिकट बिक्री, वीरगञ्जको जग्गा तथा गोदाम भाडा, सटर भाडा र तरकारी बजार भाडा कम्पनीको मुख्य आयस्रोत हो। यो आम्दानीबाट खर्च धान्न नसक्दा कम्पनीले सरकारको जमानीमा पाँच प्रतिशत ब्याजदरमा ऋण लिँदै आएको छ। २०८१ असार मसान्तसम्म सावाँ र ब्याजसहित कम्पनीको कुल ऋण ७९ करोड ४ लाख २६ हजार ८९६ रुपैयाँ पुगेको छ, जसले रेल सेवामाथि थप आर्थिक दबाब सिर्जना गरेको छ।

घाटाको मुख्य कारणमध्ये भारतबाट ल्याइएका प्राविधिक कर्मचारीको खर्च पनि प्रमुख रहेको छ। सुरुमा २६ जना ल्याइएकामा हाल १७ जना भारतीय कर्मचारी कार्यरत छन्। तलबभत्ता, सरसफाइ तथा

–बाँकी तीन पेजमा

*मधेशका विभिन्न...*

नागरिकलाई सरकारी सेवा लिँदा कुनै पनि बिचौलियाको प्रलोभनमा नपर्न आग्रह गर्दै यस्ता गतिविधि देखिएमा नजिकको प्रहरी कार्यालय वा १०० नम्बरमा जानकारी गराउन अपिल समेत गरेको छ।

कार्यालयले यस्ता गैरकानुनी कार्यमा संलग्न जोकोहीलाई प्रचलित कानुन अनुसार कडा कारबाही गरिने चेतावनी समेत दिएको छ। मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षक तथा सहायक प्रवक्ता मानबहादुर राईले यस विषयमा थप अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

*वृहत्त स्वास्थ्य...*

योगदानको कदर गर्दै विद्यालयले फाउन्डेशनका चिकित्सकहरुलाई सम्मान गरेको विद्यालयका प्रधानाध्यापक देवनलाल ठाकुरले जानकारी दिनुभयो। उहाँले थप्नुभयो, "विद्यालयका विद्यार्थी र शिक्षकहरूको समेत उपचार गराइदिनुमा हामीलाई ठूलो राहत प्राप्त भयो।" स्थानीय मुसहरु पासवालले भन्नुभयो, "निःशुल्क जाँच र औषधि पाउँदा हामी निकै खुसी भएका छौं। अमेरिकाका संस्थाले हाम्रो स्वास्थ्यमा चासो राख्नु राम्रो छ, तर यदि लहान नगरपालिका र स्वास्थ्य चौकीले पनि यस्ता निःशुल्क शिविर सञ्चालन गर्थे भने अझै राहत हुन्थ्यो।"

*नेपालको एकमात्र...*

मर्मतसम्भारका लागि कम्पनीले भारतीय कोंकन कम्पनीलाई मासिक ७० लाख भारतीय रुपैयाँ अर्थात् करिब १ करोड १२ लाख नेपाली रुपैयाँ बुझाउँदै आएको छ। यसको तुलनामा नेपालीतर्फ प्रबन्ध सञ्चालकसहित १०३ जना कर्मचारीको मासिक तलब १७ लाख रुपैयाँमात्र छ। कम्पनीका अनुसार यही जनशक्ति नेपाली दक्ष कर्मचारीबाट व्यवस्थापन गर्न सके खर्च उल्लेखनीय रूपमा घटाउन सकिन्छ।

स्थायी कर्मचारी अभाव अर्को गम्भीर समस्या बनेको छ। हाल अधिकांश कर्मचारी करार तथा ज्यालादारीमा कार्यरत छन्। स्थायी प्राविधिक जनशक्ति उत्पादनका लागि आवश्यक तालिम र प्रक्रिया प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन। सेक्सन वर्कसप नहुनु, स्वदेशी चालक र स्टेसन मास्टरको कमी, फ्युलिङ सर्भिस स्टेसन अभाव तथा इन्धनसमेत भारतबाट ल्याउनुपर्ने अवस्थाले सञ्चालन खर्च झन् बढाएको छ। व्यवस्थापनतर्फ पनि कम्पनी लामो समयदेखि महाप्रबन्धकविहीन अवस्थामा छ। यसले प्रशासनिक निर्णय, आर्थिक स्वीकृति र सेवा विस्तारका योजनामा ढिलाइ भइरहेको कर्मचारीहरूको गुनासो छ।

रेल सेवालाई आत्मनिर्भर बनाउन कम्पनीले विभिन्न विकल्प अघि सारेको छ। रक्सौलमा रहेको २८ एकड जग्गा व्यावसायिक प्रयोजनमा भाडामा लगाउँदा वार्षिक करिब ८ करोड रुपैयाँ आम्दानी हुन सक्ने अनुमान गरिएको छ। त्यसैगरी सय वर्ष पुरानो स्टिम इन्जिनसहित रेल म्युजियम स्थापना गरी टिकट बिक्रीबाट थप आम्दानी जुटाउने योजना पनि प्रस्ताव गरिएको छ। स्थानीय व्यापारी तथा सर्वसाधारणले यात्री सेवासँगै मालसामान ढुवानी सेवा विस्तार गर्नुपर्नेमा जोड दिएका छन्। उनीहरूका अनुसार यात्री मात्रै बोक्ने सेवाबाट दीर्घकालीन नाफा सम्भव नभएकाले व्यापारिक ढुवानी, पर्यटक आकर्षण र वैकल्पिक आयस्रोत विकास आवश्यक छ।

समयमै व्यवस्थापन सुधार, दक्ष नेपाली जनशक्ति उत्पादन, मालवाहक सेवा विस्तार र ऋण व्यवस्थापनको ठोस योजना लागु गर्न सके नेपालको एकमात्र रेल सेवा नाफातर्फ उन्मुख हुन सक्ने सम्भावना देखिन्छ। अन्यथा रेल सेवाले ऋणको भार बढाउँदै जाने सरोकारवाला बताउँछन्।

# संघबाट स्रोत उपलब्ध नहुँदा मधेस प्रदेश सरकारमाथि ३० अर्बको दायित्व

जनकपुरधाम, २४ चैत्र। संघीय सरकारबाट समयमै स्रोत उपलब्ध नहुँदा मधेस प्रदेश सरकारमाथि करिब ३० अर्ब रुपैयाँ बराबरको दायित्व थुप्रिएको प्रदेशका अर्थमन्त्री महेश प्रसाद यादवले बताएका छन्। चालु आर्थिक वर्ष (२०८२/०८३) को बजेट कार्यान्वयन, आय संकलनको अवस्था तथा संघीय संरचनासँग सम्बन्धित विभिन्न नीतिगत समस्याबारे जानकारी दिँदै उनले प्रदेशको वित्तीय अवस्था चुनौतीपूर्ण बन्दै गएको बताए।

मन्त्री यादवका अनुसार चालु आर्थिक वर्षमा बजेटको आकार बढे पनि आय संकलन अपेक्षाअनुसार हुन सकेको छैन। फागुन मसान्तसम्म गत वर्ष ९.८७ प्रतिशत खर्च भएकोमा ११.६३ प्रतिशत खर्च भएको जनाउँदै उनले समग्र वित्तीय अवस्था सुदृढ नभएको उल्लेख गरे। अर्थमन्त्री यादवले प्रदेशको नगद मौज्दातमा समेत ठुलो गिरावट आएको पत्रकार सम्मेलनमार्फत जानकारी दिए। अनुमानित १० अर्ब ३८ करोड रुपैयाँको सट्टा हालसम्म जम्मा ४ अर्ब २५ करोड रुपैयाँ मात्र मौज्दात रहेको बताउँदै उनले आय संकलन कमजोर हुँदा कुल बजेटमा झन्डै १७ अर्ब रुपैयाँ घाटा हुने जोखिम रहेको बताए।

आय र व्ययबिचको असन्तुलनले प्रदेश सरकारलाई वित्तीय संकटतर्फ धकेल्न सक्ने चेतावनी दिँदै उनले राजस्व संकलन कमजोर भएपछि प्रशासनिक खर्च कटौती, अनावश्यक सामग्री खरिदमा रोक तथा साना आयोजना स्थगन गर्ने नीति अपनाइएको जानकारी दिए। मन्त्री यादवले १० लाख रुपैयाँभन्दा कम लागतका आयोजना तत्कालका लागि रोकिएको स्पष्ट पार्दै अधुरा, क्रमागत, मर्मतसम्भार तथा विपद् व्यवस्थापनसँग सम्बन्धित आयोजनालाई प्राथमिकता दिइएको बताए।

स्थानीय तहमा बजेट वितरणलाई थप पारदर्शी बनाउन 'अवण्डा' प्रणाली अन्त्य गरिएको उल्लेख गर्दै उनले आगामी आर्थिक वर्षदेखि पहुँचका आधारमा नभई विधि र मापदण्डका आधारमा वित्तीय हस्तान्तरण गरिने जानकारी दिए। पत्रकार सम्मेलनमा मन्त्री यादवले संघीय सरकारका केही नीतिप्रति असन्तुष्टि जनाउँदै प्रदेशको कार्यसम्पादन मूल्याङ्कनमा प्रयोग गरिएका वायु गुणस्तर र वन क्षेत्र विस्तार जस्ता सूचक मधेसका लागि अन्यायपूर्ण रहेको बताए।

त्यस्तै, वित्तीय समानीकरण अनुदान वितरणको वर्तमान सूत्रले पनि मधेसलाई विभेद गरेको आरोप लगाउँदै उनले त्यसमा संशोधन आवश्यक रहेको धारणा राखे। संघीय सरकारले विगतमा हस्तान्तरण गरेका सडक, पुल, सिँचाइ तथा खानेपानी आयोजनाहरू स्रोत अभावका कारण अलपत्र परेको भन्दै उनले चिन्ता व्यक्त गरे। समपूरक र विशेष अनुदानअन्तर्गत सुरु भएका योजनामा संघले प्रतिबद्धता अनुसार रकम उपलब्ध नगराउँदा प्रदेशमाथि करिब ३० अर्ब रुपैयाँ बराबरको दायित्व थपिएको उनले बताए। प्रदेशभित्र उठ्ने भन्सार राजस्वको कम्तीमा १० प्रतिशत हिस्सा मधेस प्रदेशलाई उपलब्ध गराउनुपर्ने मागसमेत उनले राखेका छन्।

# वृक्षारोपण अनुगमनपछि बर्दिबास मेडिकल कलेज निर्माणको बाटो खुल्ने संकेत

**अजय शाह**

महोत्तरी, २४ चैत्र। मधेश प्रदेशकै महत्वाकांक्षी परियोजनाका रूपमा हेरिएको बर्दिबास मेडिकल कलेज निर्माण प्रक्रिया पुनः अघि बढ्ने संकेत देखिएको छ। सोमबार सम्बन्धित सरोकारवालाद्वारा वृक्षारोपण गरिएको क्षेत्रको स्थलगत अनुगमन सम्पन्न भएसँगै आवश्यक सम्झौता प्रक्रिया अगाडि बढाउने तयारी गरिएको हो। मेडिकल कलेज निर्माणका लागि प्रस्तावित क्षेत्रमा रहेका एक हजार ९६७ रुख कटानको सट्टा सर्वोच्च अदालतले १० गुणा अर्थात् १९ हजार ६७० बिरुवा रोप्न आदेश दिएको थियो। सोही आदेशअनुसार मडाहा र सोनी खोलामा २३ हजारभन्दा बढी बिरुवा रोपिएको छ।

रोपिएका बिरुवाको अवस्था मूल्याङ्कन गर्न वन तथा भू-संरक्षण विभागको टोलीले हालै स्थलगत अनुगमन गरेको आयोजना प्रमुख निर्मल घिमिरेले जानकारी दिनुभयो। वन तथा भू-संरक्षण विभागका उपमहानिर्देशक उदव घिमिरेका अनुसार अनुगमन सम्पन्न भएसँगै माइस्थानस्थित निर्माणस्थलको जग्गा प्राप्तिका लागि आयोजना र सम्बन्धित निकायबिच सम्झौता प्रक्रिया अघि बढ्नेछ।

संघीय वन तथा वातावरण मन्त्रालयका प्रतिनिधि खिलानाथ दाहालसहितको टोलीले रोपिएका बिरुवा सन्तोषजनक रूपमा हुर्किएको भन्दै सकारात्मक प्रतिक्रिया दिएको छ। "अदालतको आदेश कार्यान्वयनको चरणमा पुगेको छ, अब मेडिकल कलेज निर्माणको बाँकी प्रक्रिया अघि बढ्नेछ," उपमहानिर्देशक घिमिरेले बताउनुभयो। यसअघि संघीय सरकारले 'सुशासन मार्गचित्र-२०८२' लागू गर्ने तयारी गरेसँगै आयोजना खारेज हुनसक्ने आशङ्कामा स्थानीयस्तरमा विरोधसमेत भएको थियो। केही दिनअघि बर्दिबासमा स्थानीयले पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गर्दै विरोध जनाएका थिए।

अनुगमनपछि अब कानुनी जटिलता समाधान हुने र आयोजना अघि बढ्ने अपेक्षा गरिएको स्थानीयवासी चूडामणि पोखरेलले बताउनुभयो। बर्दिबास-४ स्थित भप्सी खोला र अठब्बे खोल्सीबिचको माइस्थानस्थित सामुदायिक वन तथा नदी उकास क्षेत्रअन्तर्गत ५४.५८४ हेक्टर क्षेत्रफलमा निर्माण हुने प्रस्तावित मेडिकल कलेजमा एक हजार शय्याको अस्पताल, मेडिकल कलेज भवन, प्राध्यापक तथा कर्मचारी आवास, विद्यार्थी होस्टेल र अन्य संरचना निर्माण गरिने योजना छ।

पूर्व शिक्षामन्त्री गिरिराजमणि पोखरेलको कार्यकालमा २०७३ सालमा बर्दिबासमा १ हजार शय्याको सरकारी मेडिकल कलेज स्थापना गर्ने निर्णय भएको थियो। त्यतिबेला सरकारले बर्दिबाससँगै बुटवल र सुर्खेतमा पनि सरकारी मेडिकल कलेज स्थापना गर्ने निर्णय गरेको थियो। बर्दिबास मेडिकल कलेज निर्माणका लागि २०७६ वैशाख १८ गते बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण आयोजना कार्यालय स्थापना भई जग्गा प्राप्तिको काम अघि बढाइएको थियो।

वन क्षेत्रभित्र आयोजना पर्ने भन्दै २०७८ फागुनमा दायर मुद्दाका कारण दुई वर्षदेखि रोकिएको परियोजना सर्वोच्च अदालतको २०८० जेठ २९ गतेको फैसलापछि पुनः अघि बढ्ने मार्ग खुलेको हो। मेडिकल कलेज बर्दिबासमै बन्ने बाटो खुलेकोमा स्थानीयवासी उत्साहित भएका छन्। यो आयोजना बर्दिबासको मात्र नभई मधेश प्रदेशकै राष्ट्रिय महत्वको परियोजना भएकाले देखिएका सानातिना अड्चन समाधान गर्दै अघि बढ्नुपर्ने स्थानीय बुद्धिजीवीको भनाइ छ। नेपाल सरकारका उपसचिवबाट अवकाश प्राप्त स्थानीय रामकुमार कार्कीले भन्नुभयो, "प्रायः विकास निर्माणका काममा केही गतिरोध आउँछन्, तर अब शिक्षाको ज्योति छर्ने यो प्रस्तावले गति लिने विश्वास जागेको छ।"

उहाँले थप्नुभयो, "केन्द्र, प्रदेश र स्थानीय तहका राजनीतिक नेतृत्वले दूरदर्शी सोचका साथ यो प्रस्ताव अघि बढाउन संयुक्त पहलकदमी लिनुपर्छ।" एक हजार शय्याको आधुनिक प्रविधियुक्त अस्पतालसहित कलेजको पूर्वाधार निर्माणमा रु. २८ अर्ब ५४ करोड लागत लाग्ने विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) ले देखाएको छ। हालसम्म यस आयोजनामा ६ करोड रुपियाँभन्दा बढी खर्च भइसकेको छ। जग्गा प्राप्तिको विषय अझै टुङ्गो नलाग्दा थप काम अघि बढ्न सकेको छैन। यो विषयले गति लिनासाथ पूर्वाधार निर्माणको प्रक्रिया अघि बढ्ने आयोजना कार्यालयले जनाएको छ।

# सम्झौताविपरीत खोला उत्खनन् गर्ने ठेकेदारलाई भएन कारबाही

## छानबिन समितिले सम्झौताविपरीत अवैध उत्खनन गरेको निष्कर्ष निकाल्दै सप्लायर्सलाई कारबाही गर्न गाउँपालिकालाई सिफारिस गरेको थियो। तर हालसम्म कुनै कारबाही भएको छैन।

जनकपुर, २४ चैत्र। धनुषाको बटेश्वर गाउँपालिका-१ स्थित बडहडी खोलामा सम्झौताविपरीत उत्खनन् गर्ने ठेकेदारलाई हालसम्म कुनै कारबाही भएको छैन। दुई वर्षअघि नदीजन्य पर्दा उत्खननको जिम्मा पाएको बर्दीबासस्थित पञ्चधुरा सप्लायर्सले मापदण्ड उल्लंघन गर्दै जथाभावी खोला उत्खनन गरेको पाइएको थियो।



समाचार सार्वजनिक भएपछि २८ जेठ २०८१ मा जिल्ला समन्वय समिति धनुषाले अधिकृत युगेश्वरकुमार यादवको संयोजकत्वमा चार सदस्यीय छानबिन समिति गठन गरेको थियो। समितिले सप्लायर्सले सम्झौता विपरीत अवैध उत्खनन गरेको निष्कर्ष निकाल्दै कारबाहीका लागि गाउँपालिकालाई सिफारिस गरेको थियो। तर हालसम्म कुनै कारबाही भएको छैन। उल्टै, त्यतिबेला अवैध रूपमा संकलन गरिएको हजारौं घनमिटर ग्राभेल स्टकसमेत सप्लायर्स र क्रसर समूहले उठाएर लगेको खुलेको छ।

गाउँपालिकाले ६ फागुन २०८० मा १४ हजार ४४५ घनमिटर उत्खननका लागि २७ लाख रुपैयाँभन्दा बढीमा ठेक्का दिएको थियो। तर प्रतिवेदनअनुसार ७ चैतमै सो परिमाणभन्दा बढी उत्खनन भइसकेको थियो। खोलाभरि ढुंगा, गिट्टी र बालुवा

**-बाँकी चार पेजमा**

## सम्झौताविपरीत ...

जथाभावी निकालिएको तथा मापदण्ड उल्लंघन गरिएको देखिएको छ। सम्झौताभन्दा पाँच गुणासम्म बढी उत्खनन भएको तत्कालीन प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले बताए।

जिल्ला समन्वय समिति धनुषाका अध्यक्ष राजनन्दन मण्डल त्यस बेला स्टक जफत गरेर कारबाही गर्न पालिका अध्यक्ष रामआशिष महतोलाई निर्देशन दिएको तर पछि सबै स्टक लगेको आफूले थाहा पाएको बताए। उनका अनुसार त्यसबेला जथाभावी २५ फिट गहिरोसम्म खनेर सम्झौताविपरीत धेरै परिमाणमा ग्राभेल झिकिएको थियो। बटेश्वर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रेवती पौडेलका अनुसार त्यस बेलाको स्टक जफत गर्ने कुरा भएको थियो। 'स्टक नाप जाँच गर्ने, जफत गर्ने कुरा भएको थियो। तर सुरक्षाको कारण गाह्रो भएको थियो,' उनले भने, 'संरक्षणको लागि प्रहरी खटाइएको थियो। केही दिन प्रहरीले हेरबिचा गऱ्यो। तर राति–राति के कसरी सबै स्टक लगे।' पौडेल साउन २०८१ मा आएका थिए।

उनका अनुसार समन्वय समितिको सिफारिसपश्चात खोलाको अवैध र धेरै परिमाणमा अवैध उत्खनन गरे पनि कारबाही भएको छैन। सप्लायर्सबाट सम्झौता अनुसारको मात्र राजस्व संकलन भयो। तर अत्यधिक मात्रामा खनेकोमा केही भएन। ठेक्का प्रक्रियामा पालिका प्रमुख रामआशिष महतो, उपाध्यक्ष फूलकुमारी महतो, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राजगिर महतो, राजस्व शाखा प्रमुख प्रमोदकुमार सिंह, लेखा अधिकृत सुमन पुरी, इन्जिनियर जितेन्द्र यादव, अधिकृत सुलेखा महतोलगायत संलग्न थिए।

ठेकेदारले सम्झौताविपरीत खोलाको अवैध दोहन गरेको, पालिकाले जफतको प्रक्रियामा राखेको ग्राइभेलको स्टकसमेत उठाएर लगेको अवस्थामा पनि राजस्व दाखिला नगराउनु र पालिकाले कुनै कारबाही नगर्दा जनप्रतिनिधि र कर्मचारीको मिलेमतो हुनसक्ने शंका उब्जेको छ। यसको छानबिन गर्नुपर्ने स्थानीयको माग छ।

# ढल्केबर मालपोतमा करार नियुक्तिको विरोध

**विजयकुमार साह**

ढल्केबर, २४ चैत्र। धनुषाको ढल्केबरमा रहेको मालपोत कार्यालयमा करारका कर्मचारी नियुक्ति गरिएको विषयलाई लिएर विवाद उत्पन्न भएको छ। कार्यालय प्रमुखले तीन जना कर्मचारी नियुक्ति गरेपछि स्थानीयवासीले प्रक्रिया पारदर्शी नभएको आरोप लगाउँदै विरोध गरेका हुन्। स्थानीय रामकुमार महतोले कार्यालय प्रमुख विश्वकर्माले विगतमा बिचौलियाको रूपमा काम गर्दै आएका आफ्ना आसेपासे व्यक्तिलाई अवैध ढङ्गले नियुक्ति गरेको बताउनुभयो। उहाँका अनुसार करिब डेढ वर्षअघि कार्यालयले विभिन्न पाँच पदका लागि पत्रिकामा सूचना प्रकाशित गरेर भर्ना प्रक्रिया अगाडि बढाएको थियो। त्यसबेला १५० भन्दा बढी व्यक्तिले आवेदन दिएका थिए। आवेदनसँगै प्रतिव्यक्ति तीन सय रुपियाँ राजस्वसमेत मालपोत कार्यालयले संकलन गरेको उहाँले जानकारी दिनुभयो।




महतोले भन्नुभयो, "त्यसबेला प्राप्त निवेदनमाथि कुनै प्रक्रिया अघि बढाइएन। न लिखित परीक्षा भयो, न मौखिक अन्तर्वार्ता। लामो समयसम्म कुनै निर्णय नगरेर अहिले लुकिछिपी तीन जनालाई नियुक्ति गरिएको छ।" अहिले गरेको नियुक्ति खारेज गर्न र पहिल्यै आवेदन दिएका व्यक्तिलाई प्राथमिकता दिनुपर्ने अथवा उहाँहरुले तिरेको राजस्व फिर्ता गर्नुपर्ने उहाँको भनाइ छ। यस विषयमा सम्बन्धित निकायले आवश्यक छानबिन गर्नुपर्ने महतोले बताउनुभयो।

कार्यालय प्रमुख विश्वकर्माले नियुक्ति प्रक्रिया नियमअनुसार नै गरिएको दाबी गर्नुभयो। उहाँले कार्यालयको आवश्यकता हेरेर नियुक्ति गरिएको बताउँदै यसअघिका निवेदन सोही आर्थिक वर्षभित्र मात्र मान्य हुने उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "जुन आर्थिक वर्षमा निवेदन दिइएको हो, सोही वर्षसम्म मात्र त्यसको वैधता रहन्छ। आर्थिक वर्ष समाप्त भएपछि ती निवेदन स्वतः खारेज हुन्छन्।"

# मधेस प्रदेशको आर्थिक विकासमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका छः मुख्यमन्त्री यादव

धनुषा, २४ चैत्र। मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशको समग्र आर्थिक विकासमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताएका छन्। नेपाल उद्योग वाणिज्य महासंघ, मधेस प्रदेशको जनकपुरधाममा आयोजित सातौँ प्रदेशसभाको उद्घाटन समारोहमा उनले नीजि क्षेत्रलाई प्रोत्साहन र लगानीमैत्री वातावरण निर्माणमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताए।

मुख्यमन्त्री यादवले भने,"निजी क्षेत्रको सक्रियताबिना आर्थिक समृद्धि सम्भव छैन। त्यसैले सरकारले नीतिगत सुधार र सहजीकरणमार्फत लगानी आकर्षित गर्ने वातावरण बनाउँदैछ।" मधेस प्रदेश, नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. सोहन साहले दीगो र समावेशी विकासका लागि दीर्घकालीन योजनाको आवश्यकता औँल्याए। उनले उत्पादनमूलक क्षेत्रलाई प्राथमिकतामा राखेर नीति निर्माण गर्नुपर्नेमा जोड दिए।

महासंघ, लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण पराजुलीले प्रदेशबीचको सहकार्य र अनुभव आदानप्रदानले उद्योग व्यवसाय विस्तारमा टेवा पुग्ने विचार व्यक्त गरे। उनले आर्थिक समृद्धिका लागि निजी क्षेत्रलाई सशक्त बनाउनु आवश्यक रहेको बताए। जनकपुरधाम उपमहानगरपालिका प्रमुख मनोज साहले स्थानीय तह र निजी क्षेत्रबीच सहकार्यमा जोड दिँदै लगानी प्रवर्द्धनका लागि सहजीकरण गर्न स्थानीय तहले पनि आपश्यक भूमिका खेल्ने बताए।

कार्यक्रममा महासंघका नवनिर्वाचित अध्यक्ष विजयकुमार साहले उद्योगी–व्यवसायीको हित संरक्षण गर्दै प्रदेशमा लगानीमैत्री वातावरण निर्माणका लागि आफू सक्रिय रहने प्रतिबद्धता व्यक्त गरे। उनले निजी क्षेत्र र सरकारबीच समन्वय बढाउँदै आर्थिक गतिविधि विस्तार गर्ने आफ्नो प्राथमिकता रहेको उल्लेख गरे।

कार्यक्रमका अध्यक्ष तथा महासंघ, मधेस प्रदेशका अध्यक्ष अशोक टेमानीले मधेस प्रदेशको आर्थिक समृद्धिका लागि उद्योगी–व्यवसायी एकजुट भएर अगाडि बढ्नुपर्ने बताए। उनले प्रदेशमा उद्योग स्थापनाका लागि आवश्यक पूर्वाधार विकास र नीतिगत स्थिरता अपरिहार्य रहेको धारणा व्यक्त गरे।

# 'स्वास्थ्य र शिक्षा क्षेत्रमा पहुँच विस्तार'

**विनय कर्ण**

सप्तरी, २४ चैत्र। सप्तरीका प्रतिनिधि सभा सदस्य डा. अङ्किता ठाकुरले पारदर्शी शासनप्रणाली निर्माण, महिला र युवाको सशक्तीकरण, स्वास्थ्य र शिक्षा क्षेत्रमा पहुँच विस्तार मुख्य एजेन्डा रहेको बताउनुभएको छ। सप्तरीको राजविराज नगरपालिका–५ निवासी डा. ठाकुर फागुन २१ मा सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट समानुपातिकतर्फ प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित हुनुभएको हो।

सांसद डा. ठाकुरले ग्रामीण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा विस्तारमा काम गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो। उहाँले महिला अधिकार र नेतृत्व विकास, युवा रोजगारी तथा उद्यमशीलता प्रवर्धन, शिक्षा क्षेत्रमा सुधार र अवसर विस्तार, सामाजिक न्याय, समावेशी विकास, स्थानीय तहमा सेवा पहुँच र सुशासनका मुद्दा सम्बोधनका लागि आफूले काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। सरकारदेखि सदनसम्म आफूले जनतासमक्ष गरेको यही प्रतिबद्धता पूरा गराउने प्रयासमा लागिरहने उहाँको भनाइ छ।

सांसद डा. ठाकुरले भन्नुभयो, "शिक्षा र स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तन ल्याउनु जरुरी छ, मेरो पहिलो प्राथमिकताको क्षेत्र पनि त्यही भएकाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम गर्छु।" डेन्टल सर्जनका रूपमा काम गर्दै आएकी ३१ वर्षीय डा. ठाकुर स्वास्थ्य सेवासँगै सामाजिक अभियन्ताका रूपमा चिनिनुहुन्छ। नोबेल डेन्टल क्लिनिकमा दन्त चिकित्सकका रूपमा चार वर्ष सेवा गरेकी उहाँ 'महिला नेतृत्वको आवाज' का रूपमा आफूलाई चिनाउन रुचाउनुहुन्छ।

मिसेस नेपाल (विवाहित नेपाली महिला) कल्चर संस्करण सन् २०२३ मा फर्स्ट रनर अप र डाइनामिकको उपाधिसमेत जित्न सफल उहाँलाई राजनीतिमा भन्दा पनि सामाजिक र स्वास्थ्य क्षेत्रमा सेवा गर्ने अभिरुचि बढी छ। सात वर्षअघि डा. उज्ज्वल ठाकुरसँग उहाँको विवाह भयो। उहाँका एक छोरा हुनुहुन्छ।

विवाहपछि मात्रै राजनीतिक परिवारसँग जोडिए पनि भदौ २३ र २४ गतेको जेनजी आन्दोलनले राजनीतिमा आउन बाध्य बनाएको उहाँ बताउनुहुन्छ। प्रत्यक्ष रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीमा उहाँ एक वर्षदेखि आबद्ध हुनुभएको हो। डा. ठाकुरले भन्नुभयो, "कहिले राजनीतिमा आउनु पर्छ भन्ने सोचेको थिइनँ तर भदौ २३ र २४ गतेको परिवर्तनले राजनीतिमा आउन बाध्य बनाएको हो।" मधेशका महिला पनि नेतृत्वमा आउनु पर्छ र त्यसका लागि नीति नियममा परिवर्तन ल्याउन आवश्यक अनुभूति भएकाले प्रत्यक्ष रूपमा राजनीतिसँग जोडिन पुगेको उहाँको तर्क छ।

# 'पत्रकारहरूको हकहितप्रति मधेस प्रदेश सरकार सदैव सकारात्मक छ'

धनुषा, २४ चैत्र। मधेस प्रदेश सरकारका अर्थमन्त्री महेशप्रसाद यादवले पत्रकारहरूको हकहित र प्रेस स्वतन्त्रताको संरक्षणप्रति प्रदेश सरकार सधैँ सकारात्मक र प्रतिबद्ध रहेको बताएका छन्। धनुषाको ढल्केवरमा मंगलबार आयोजित कार्यक्रममा अर्थमन्त्री यादवले लोकतन्त्रको सुदृढीकरणका लागि स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिता अपरिहार्य रहेको उल्लेख गरे। उनले पत्रकारहरूले भोगिरहेका




समस्या र चुनौती समाधानका लागि प्रदेश सरकार गम्भीर रहेको बताउँदै आवश्यक नीतिगत तथा संरचनागत सुधारमा ध्यान दिइने बताए।

"पत्रकारहरूको पेसागत सुरक्षा, क्षमता अभिवृद्धि र सामाजिक सुरक्षाको सुनिश्चितता हाम्रो प्राथमिकतामा रहेको छ," मन्त्री यादवले भने, "सञ्चार क्षेत्र सशक्त भए मात्र सुशासन र पारदर्शिता कायम गर्न सकिन्छ।" उनले सूचना प्रवाहलाई थप प्रभावकारी बनाउन र सञ्चारमाध्यमहरूसँग सहकार्य बढाउन प्रदेश सरकार तत्पर रहेको पनि स्पष्ट पारे। साथै, पत्रकारिता क्षेत्रलाई मर्यादित, जिम्मेवार र विश्वसनीय बनाउन सबै पक्षले आ–आफ्नो भूमिका निर्वाह गर्नुपर्नेमा उनले जोड दिए।

कार्यक्रममा सहभागी पत्रकारहरूद्वारा प्रस्तुत समस्या तथा सुझावहरू कार्यान्वयनका लागि सकारात्मक पहल गर्ने उहाँले प्रतिबद्धता व्यक्त गरे।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)